सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : १४ मिति : पौष १३ गते, २०७६


## भाग –२

## सिद्धार्थनगर नगरपालिका

## मेयर आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

प्रस्तावनाः नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा मान्यता दिएको छ । संविधानका मर्म र भावना बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्र दैनिक प्रशासनीक सेवा प्रवाह र विभिन्न विकासका क्रियाकलापहरु सम्पादन गर्दै आइरहेका छन् । सबै नगरवासीलाई विकासको मूल धारमा ल्याउने दायित्व पनि स्थानीय तहको हो । रकम जम्मा गरिदिन सार्वजनिक अपिल पनि गरेको छ ।

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा मान्यता दिएको छ । संविधानका मर्म र भावना बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्र दैनिक प्रशासनीक सेवा प्रवाह र विभिन्न विकासका क्रियाकलापहरु सम्पादन गर्दै आइरहेका छन् । सबै नगरवासीलाई विकासको मूल धारमा ल्याउने दायित्व पनि स्थानीय तहको हो ।

संबिधानको धारा ४२ उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागी शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्र बिभिन्न कारणले पछाडी परेका वर्ग, समूदायलाई नगरपालिकाको विकासको मूल धारमा ल्याउनु अपरहार्य हुन्छ । यसै भावनालाई हृदयंगम गरी सिद्धार्थनगर नगरपालिकाले नगर क्षेत्र भित्रका विपन्न तथा पछाडि परेका आवासको अवस्था कमजोर भएका परिवारका लागि सुरक्षित आवासको प्रबन्ध मिलाउने लक्ष्य लिएको छ । आर्थिक बर्ष २०७६/०७७ को वार्षिक योजनामा आवासको अवस्था कमजोर भएका विपन्न परिवारका लागि मेयर आवास कार्यक्रम मार्फत सुरक्षित अवास उपलब्ध गराउने गरी नीति, कार्यक्रम र बजेट समेत स्वीकृत गरेको छ । यस मेयर आवास कार्यक्रमको कार्यान्वयनका गर्न सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग सिद्धार्थनगर नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मेयर आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि सिद्धार्थनगर कार्यपालिकावाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) नगरपालिका भन्नाले सिद्धार्थनगर नगरपालिका सम्झनु पर्छ ।

(ख) मेयर आवास समन्वय समिति भन्नाले दफा ६ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) कार्यक्रम कार्यान्वयन ईकाई भन्नाले दफा ८ बमोजिमको कार्यक्रम समन्वय इकाई सम्झनु पर्छ ।

(घ) मेयर आवास भन्नाले यस कार्यत्रम अनुसार नगरपालिकाबाट स्वीकृत ड्रइङ्ग, डिजाईन, स्पेशिफिकेशन अनुसार नगर क्षेत्रमा स्थायी बसोबास भइ आवासको अवस्था कमजोर भएका परिवारका लागि नगरपालिकाको अगुवाइमा निर्माण गरी हस्तान्तरण गरिने भवन सम्झनु पर्छ ।

(ङ) कार्यक्रम भन्नाले मेयर आवास कार्यक्रम सम्झनु पर्छ ।

(च) लाभग्राही भन्नाले दफा ३ बमोजिम छनौट भएको लाभग्राही घरधनी वा परिवार सम्झनु पर्छ ।

(छ) कच्ची घर भन्नाले बाँस, चिरपट/कप्टेरो, आदि वा त्यसमा पराल/स्याउलाको टाटी, नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/फल्याक, काँचो ईटामा माटोको जोर्नी भएको घर सम्झनुपर्दछ ।

## परिच्छेद २

## लाभग्राहीको छनौट र प्राथमिकता

### ३. लाभग्राहीको छनौट

(१) मेयर आवास कार्यक्रमका लागि नगरपालिकाले निश्चित समय दिएर निवेदन पेश गर्न आह्वान गर्नेछ । तोकिएको समयमा लाभग्राहीले अनुसुचि १ बमोजिमको ढाँचामा नगरपालिकाले तोकेको समय भित्र निवेदन पेश गर्नुपर्नेछ ।

(२) लाभग्राहीको छनौट देहायका आधारमा गरिनेछ :

(क) नेपाली नागरिकता भइ नगरपालिकामा विगत १० वर्षदेखी स्थायी रुपमा बसोवास गर्दै आएको हुनुपर्ने ।

(ख) जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु बिगत देखि सो स्थानमा बसोवास गरी आएको भन्ने सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ग) घरको भौतिक अवस्थामा छानो वा भुइ वा भित्ता कच्ची भइ राम्रोसँग हावा पानी छेक्न नसक्ने अवस्था भएको ।

(घ) सम्बन्धित वडा समितिले सिफारिस गरेको परिवार ।

(ङ) नगरपालिकाले तोकेका अन्य आधारहरु ।

(३) माथि बुँदा २ (ग) बमोजिमका आधारमा लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, भुई, गारो, तथा छानाको किसिम र प्रयोग भएको जग्गाको क्षेत्रफलको आधारमा अनुसुची–२ बमोजिम अंक प्रदान गरिने छ । अन्य आधारहरु पूरा गरी न्यूनतम ४० अंक प्राप्त गर्ने परिवारलाई मात्र लाभग्राहीको रुपमा छनौट गरिनेछ । तर अनुसुची–२ को क्रमसंख्या ४, ५ र ७ बाट कुनै अंक प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

(४) सगोलमा रहेका परिवारले एक आवास मात्र पाउने गरी लाभग्राही छनौट गरिनेछ

(५) लाभग्राहीको छनौट मेयर आवास कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ ।

४ लाभग्राहीको प्राथमिकता

उपदफा (३) बमोजिम योग्यता पुगी छनौट भएका लाभग्राहीलाई देहायका आधारमा आवास निर्माणका लागि क्रमश प्राथमिकता दिइनेछ :

(१) एकल महिला मूली भएका, अपांगता भएका, अनाथ बालबालिका, दीर्घरोगी भएका परिवार ।

(२) विपद वा द्वन्द पिडित परिवार, जो चाहेर पनि घर बनाउन सकिरहेका छैनन् ।

(३) नेपाल सरकारले पहिचान गरेका सिमान्तकृत वर्गका परिवार ।

(४) नगरपालिकाले तोकेका अन्य आधारहरु ।

५. कार्यक्रम कार्यान्वयन

(१) सामान्यतया दश लाभग्राही परिवार वसोवास भएको स्थान वा वस्तीमा कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

तर छरिएर बसोवास गरेका अती सिमान्तकृत तथा लोपोन्मुख जातीको वस्तीको हकमा यो वन्देज लागु हुने छैन ।

(२) कार्यक्रम कार्यान्वयन स्थल पहिचान गर्दा लाभग्राहीको यथास्थानमा हकभोग रहेको जग्गा हुनुपर्नेछ । तर सेवा सुविधा पुर्‍याउन र प्राप्त गर्न कठिन स्थान वा प्राकृतिक प्रकोपको जोखिम रहेको स्थान वा सार्वजनिक, सरकारी जग्गामा परेको वा कुनै कारणवाट विवादित घडेरी भएको स्थानमा कार्यक्रम कार्यान्वयन गरिने छैन ।

(३) कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले प्रदेश सरकार, संघीय सरकारका बिभिन्न निकायहरु र गैर सरकारी संस्थाहरुसँग सहकार्य गरी स्रोतको सुनिश्चितता गर्नेछ ।

(४) कार्यक्रम कार्यान्वनको क्रममा आवासको ड्रइङ्ग, डिजाइन, स्पेशिफिकेशन मेयर आवास समन्वय समितिले तोके बमोजिम हुनेछ ।

(५) निर्माण गर्दा प्रचालित कानून बमोजिम ठेक्कापट्टा वा उपभोक्ता समिती मार्फत निर्माण गर्न सक्नेछ । उपभोक्ता समिति मार्फत निर्माण गरिदा कम्तिमा १0 प्रतिशत नगद वा श्रम/निर्माण सामग्रीको सहभागिता सम्बन्धित लाभग्राही परिवार वा उपभोक्ता समितिको हुनुपर्नेछ ।

(६) ठेक्कापट्टाबाट आवास निर्माण गर्दा प्राविधिक प्रतिवेदन अनुसार तोकिए बमोजिम काम सम्पन्न भएपश्चात् नगरपालिकाले लाभग्राहीलाई तोकिएको शर्त बमोजिम भवन हस्तान्तरण गर्नेछ । आवास निर्माणको क्रममा सम्पूर्ण रुपमा सहयोग गर्ने कर्तव्य सम्बन्धित लाभग्राहीको हुनेछ ।

(७) उपभोक्ता समिति मार्फत कार्य गराउँदा अनुसुचि ३ बमोजिम सम्झौता गरी निर्माणको कार्य प्रगतिको आधारमा प्राविधिक सिफारिस बमोजिम आधारमा २ (दुई) किस्तामा रकम उपलब्ध गराइने छ । अन्तिम किस्ता रकम निर्माण कार्य सम्पन्न भइ लाभग्राहीलाई भवन हस्तान्तरण गरेपछि मात्र भुक्तानी गरिनेछ ।

(८) उपभोक्ता समिति वा निर्माण समितिलाई रकम भुक्तानी गर्दा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी गरिनेछ । रकम भुक्तानी गर्दा निर्माणको लागि आवश्यक पर्ने इट्टा, जस्ता पाता, सिमेन्ट हुक, कब्जा, जस्ता निर्माण सामाग्रीहरुको पान वा भ्याट बिल भरपाईहरु पेश गर्नु पर्नेछ ।

(९) आवास हस्तान्तरण गर्दा अनुसुचि ४ बमोजिम लाभग्राहीसँग सम्झौता गरी हस्तान्तरण गरिनेछ ।

(६) मेयर आवास कार्यक्रम समन्वय समिति

नगरपालिकामा मेयर आवास कार्यक्रम कार्यान्वनमा सहजिकरण गर्न देहाय बमोजिम एक मेयर आवास कार्यक्रम समन्वय समिति रहनेछ ।

(क) नगर प्रमुख, संयोजक

(ख) नगर उप–प्रमुख, सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत, सदस्य

(घ) कार्यक्रम कार्यान्वयन हुने वडाका वडा अध्यक्षहरु, सदस्य

(ङ) कार्यपालिकाले तोकेको कार्यपालिकाका एक जना महिला सदस्य सदस्य

(च) कार्यपालिकाले तोकेको कार्यपालिकाका एक जना पुरुष सदस्य सदस्य

(छ) नगरपालिकाले तोकेको इन्जिनियर सदस्य सचिव

समितिले आफ्नो कार्यविधि आफै तयार गर्ने छ । बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) मेयर आवास समन्वय समितिको काम, कर्तव्य र अधिकार

मेयर आवास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सम्बन्धित वडामा कार्यान्वयन गरिने लाभग्राही पहिचान गरी छनौट गर्ने ।

(ख) आवास निर्माणका लागि आवासको ड्रइङ्ग, डिजाइन स्पेशिफिकेशन स्वीकृत गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित निकायहरु बीच समन्वय गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने ।

(ङ) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार बिकासको लागी आवश्यक पहल गर्ने ।

(च) कार्यक्रम कार्यान्वयनको क्रममा मेयर आवास कार्यान्वयन इकाईलाई आवश्यक निर्देशन दिने ।

(छ) कार्यक्रमको प्रगती समीक्षा गर्ने ।

(ज) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने/गराउने ।

(झ) कार्य सम्पन्न सिफरिसका आधारमा भुक्तानीको लागि सिफारिस गर्ने ।

८. कार्यक्रम कार्यान्वयन इकाई

मेयर आवास कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम कार्यान्वयन ईकाई रहनेछः

(क) नगरपालिकाले तोकेको इन्जिनियर, संयोजक

(ख) सम्बन्धित वडाको प्राविधिक सदस्य

(ग) सम्बन्धित वडा कार्यालयको सचिव, सदस्य सचिव

९. कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार :

कार्यक्रम कार्यान्वयन इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मेयर आवास समन्वय समितिवाट प्राप्त निर्देशन अनुरुप निर्माण कार्य गर्ने/गराउने,

(ख) पूर्वाधार र आवास निर्माण गर्ने बिषयमा लाभग्राहीसंग समन्वय कायम गर्ने,

(ग) लाभग्राहीलाई रकम उपलब्ध गराउन सिफारिस गर्ने,

(घ) निर्माण कार्यको गुणस्तरिय कायम गर्ने/गराउने,

(च) स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेशिफिकेशन बमोजिम आवास ईकाई निर्माण गर्ने/गराउने,

(छ) स्वीकृत नाप नक्सा बमोजिम आवास इकाई निर्माण भए नभएको बारे जाँच गरी रकम भुक्तानीको लागि सिफारिस गर्ने ।

## परिच्छेद ३

## विविध

### १०. फरफारक

कुनै विशेष कारणवश निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मुल्याङ्कन गरी सोको खर्च मेयर आवास समन्वय समितिको निर्णय बमोजिम फरफारक गर्न सकिनेछ र बाँकी रहेको उक्त निर्माण कार्य प्रचलित कानून बमोजिम अन्य प्रक्रिया मार्फत संचालन गरिनेछ ।

### ११. बेच बिखन गर्न नपाउने

लाभग्राहीले आवास निर्माण सम्पन्न भएको मितिले दश वर्ष सम्म बेच बिखन गर्न पाउने छैन । सो अवधि भित्र उक्त घर तथा जग्गाको बेचबिखन प्रयोजनको लागि नगरपालिकाबाट चारकिल्ला तथा अन्य सिफारिस उपलब्ध गराइने छैन ।

### १२. कारवाही हुने

यस कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१३. विशेष व्यवस्था

नगरपालिकाबाट बाटो बिस्तार गर्दाको अवस्थाबाट व्यक्तिको उठिबास हुने अवस्था सिर्जना भएमा नगरपालिकाले अन्य बैकल्पिक जग्गाको व्यवस्था गरी मेयर आवास कार्यक्रम लागु गर्न सक्नेछ । नगरपालिकाका निर्वाचित जनप्रतिनिधी र कार्यरत कर्मचारीहरुलाई मेयर आवास कार्यक्रमबाट आवास निर्माण गरिने छैन ।

१४. बाधा अडकाउ

यस कार्यविधिमा कुनै द्विविधा भएमा सोको बाधा अड्काउने सम्पूर्ण जिम्मेवारी मेयर आवास समन्वय समितिमा रहनेछ ।

१५. बचाउ

यस कार्यविधिमा उल्लेख नभएका बिषयवस्तुहरु अन्य कानून अनुसार हुनेछ ।

सिद्धार्थनगर नगरपालिका

## अनुसूची-१

### दफा ३ को उपदफा (१) सँग सम्बन्धित

### मेयर आवास कार्यक्रमको लागि निवेदनको ढाँचा

१. निवेदकको नामः

२. ठेगानाः सिद्धार्थनगर नगरपालिका वडा नं. .....

३. घर मूलीको नामः

४. परिवार संख्या :

५. परिवारका सदस्यहरुको हालको उमेर सहित नाम लेख्नुहोस्

(१)

(२)

(३)

(४)

(५)

६. बसाइ सराइ वा वडाबाट प्रमाणित गरेको प्रमाणको आधारमा नगरपालिकामा स्थायी रुपमा बसोबास गरेको बर्ष :

७. देहायका विवरणहरु भर्नुहोस्ः

| क्र.सं. | विवरण | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. ३० भन्दा कम<br>२. ३० देखि ६० सम्म<br>३. ६० भन्दा बढी | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. ३० भन्दा कम<br>२. ६० देखि १०० सम्म<br>३. १०० भन्दा बढी | |
| ३ | घरभित्रको भुई<br>नोटः जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई मात्र मुल्यांकन गरिनेछ । | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. माटोले बनेको<br>२. ईटा, ढुङ्गा आदि<br>३. सिमेन्ट | |
| ४ | घरको गारो | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. बाँस, चिरपट/ कप्टेरो, आदि वा त्यसमा पराल/ स्याउलाको टाटी<br>२. नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, काँचो ईटामा माटोको जोर्नी<br>३. मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/ सिमेन्टका जोर्नी | |

| | | | |
|---|---|---|---|
| ५ | घरको छानो | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि<br>२. खपडा, टायल, टिन<br>३. ढलान, कर्कट पाता | |
| ६ | जग्गाको स्वामित्व | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. लालपूर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी) र विवाद रहित)<br>२. नदी ताल किनारामा बसोबास गरेको | |
| ७ | खेती योग्य जग्गा | (कुनै एकमा चिन्ह लगाउनुहोस्)<br>१. अन्यत्र जग्गा नभएको<br>२. अन्यत्र जग्गा भएको | |
| ८ | घरमूली | १.नेपाल सरकारले पहिचान गरेका सिमान्तकृत वर्ग, असहाय/असक्त, ७० बर्ष उमेर पुगेका बृद्ध बृद्धा, अनाथ बालबालिका, एकल महिला घरमूली भएका परिवारका सदस्य भएको ।<br>२. अन्य | |

## ८. निवेदनसँगै अनिवार्य रुपमा पेश गर्नुपर्ने अन्य कागजातहरु

(१) घरमूलीको नेपाली नागरिकताको प्रतिलिपी

(२) विगत १० वर्षदेखी स्थायी रुपमा बसोवास गर्दै आएको प्रमाण (बसाइ सराइ वा वडाबाट प्रमाणित भएको निस्सा)

(३) जग्गाधनी प्रमाणपूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु बिगत देखि सो स्थानमा बसोवास गरी आएको भन्ने सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(४) घरको भौतिक अवस्थामा छानो वा भुइ वा भित्ता कच्ची भइ राम्रोसँग हावा पानी छेक्न नसक्ने अवस्थाको फोटो सहितको प्रमाण ।

(५) सम्बन्धित वडा समितिले मेयर आवासका लागि गरेको सिफारिस ।

(६) निर्माण हुने आवास १० बर्षसम्म नबेच्ने घरधनीको प्रतिवद्धता ।

(७) नगरपालिकाले तोकेका अन्य विवरणहरु ।

माथि पेश गरेको विवरण सही छ । यदि गलत ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

**निवेदक**

नाम

हस्ताक्षर

सिद्धार्थनगर नगरपालिका वडा नं. ..........

टोल:

सम्पर्क मोवाइल नंवर :

अनुसूची-२

दफा ३ को (३) सँग सम्बन्धित

## लाभग्राहीहरुको छनौटका आधारहरु

| क्र.सं. | विवरण | दिइने अङ्क | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ३० भन्दा कमलाई - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा बढी - ० | |
| २ | हाल उपभोगमा रहेको जग्गाको क्षेत्रफल, प्रति व्यक्ति वर्ग फिटमा | ३० भन्दा कम - १०<br>६० देखि १०० सम्म - ५<br>१०० भन्दा बढी - ० | |
| ३ | घरभित्रको भुइ<br>नोटः जम्मा फ्लोर एरियाको ५०% वा सो भन्दा बढि क्षेत्रफल भएकालाई अङ्क दिने । | माटो - १०<br>ईटा, ढुङ्गा आदि - ७<br>सिमेन्ट - ४ | |
| ४ | घरको गारो | बाँस, चिरपट/ कप्टेरो, आदि वा त्यसमा पराल/ स्याउलाको टाटी-१०<br>नमिलेको ढुङ्गाको गारो, बाँस, कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, काँचो ईटामा माटोको जोर्नी-७<br>मिलेको ढुङ्गाको गारो तथा पाकेका ईटामा माटो/ सिमेन्टका जोर्नी-४ | |
| ५ | घरको छानो | फुस, आसवेटस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल, टिन - ५<br>ढलान, कर्कट पाता - ० | |
| ६ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा गाउँ ब्लक (स्वामित्व पाउन सकिने) वा स्थानीय तहको सिफारिस (स्वबासी) र विवाद रहित)-१०<br>नदी ताल किनारामा बसोबास गरेको-० | |

| | | | |
|---|---|---|---|
| ७ | खेती योग्य जग्गा | अन्यत्र जग्गा नभएको-१० <br> अन्यत्र जग्गा भएको-० | |
| ९ | घरमूली | अति विपन्न, असहाय, असक्त, ७० बर्ष उमेर पुगेका बृद्ध बृद्धा, अनाथ बालबालिका, एकल महिला जस्ता घरमूली लाभग्राही भएका-१०, अन्य-० | |
| १० | लक्षित वर्गको पहिचान | दफा ३ अनुसार योग्य हुनु पर्ने | |
| ११ | प्राथमिकता | दफा ४ बमोजिम प्राथमिकता दिइने । | |

नोटः क्रमसंख्या ४, ५ र ७ बाट कुनै अंक प्राप्त नगर्नेलाई लाभग्राहीका रुपमा छनौट गरिने छैन ।

अनुसूची–३

दफा ५ को (७) सँग सम्बन्धित

## नगरपालिका र निर्माण समिति वा उपभोक्ता समिति वा लाभग्राही बीच गरिने सम्झौताको ढाँचा

१. सम्झौता गर्ने पक्षहरु : मेयर आवास कार्यक्रम कार्यान्वयन समिति र श्री ...... ...... ...........................................................................उपभोक्ता समिति ।

२. कार्यक्रम : कार्यक्रम अन्तर्गत ............. संख्याको आवास निर्माण गर्ने ।

३. कार्यक्रम स्थल : रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपाकिला वडा नं. ........... टोल/ गाउँ ..............................

४. निर्माण गरिने कूल आवास संख्या :

५. कार्यक्रमको लागत :(क) कार्यक्रमले व्यहोर्ने रकम ............................

(ख) लाभग्राहीले व्यहोर्ने रकम ............................

६. कार्यक्रमको प्रस्तावित कार्यान्वयन अवधि :

(क) शुरु हुने मिति : २० ....../....../......

(ख) सम्पन्न हुने मिति : २० ....../....../......

७. खर्च व्यहोर्ने श्रोत :

(क) कार्यक्रमबाट व्यहोरिने कुल रकम :

(१) नगद रुपैयाँ : ....................................

(२) निर्माण सामग्री :

(ख) लाभग्राहीबाट व्यहोरिने कुल रकम :

(१) नगद रु. ..........................................

(२) निर्माण सामग्री (मूल्यमा) ......................

(३) श्रम (मूल्यमा) : ..................................

८. निर्माण समिति/उपभोक्ता समिति वा लाभग्राही पदाधिकारीहरु:

(क) श्री ..........................................................................संयोजक

(ख) श्री ............................................................................सदस्य

(ग) श्री ............................................................................सदस्य

(घ) श्री ............................................................................सदस्य

(ङ) श्री ............................................................................सदस्य

(च) श्री ............................................................................सदस्य

(छ) श्री ......................................................................सदस्य सचिव

९. सम्झौताका शर्तहरु :

(क) नाप नक्सा तथा स्वीकृत लागत अनुमान र तोकिएको गुणस्तर अनुसार निर्माण समिति/उपभोक्ता समितिले निर्माण कार्य गराउने छ । नगरपालिकाबाट आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

(ख) स्वीकृत डिजाइन र लागत अनुमान निर्माण स्थलको आवश्यकता अनुसार परिमार्जन गरिए बमोजिम जग खनी प्लिन्थ (डि.पि.सि.) को काम सम्पन्न भएपछि सम्बन्धितको खातामा पहिलो किस्ता बापत ३0 प्रतिशत र सम्पूर्ण कार्य समाप्त भएपछि बाँकी दोश्रो किस्ता रकम उपलब्ध गराईनेछ ।

(ग) भुक्तानी दिइएको रकम सोही प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ । अन्यत्र खर्च गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(घ) प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) हरेक किस्ताको कामको मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजातहरु समितिको बैठकबाट अनुमोदन गराई कार्यक्रम कार्यान्वयन इकाई मार्फत भुक्तानीको लागि पेश गर्नु पर्नेछ। नगरपालिकाबाट नियमानुसार लाग्ने कर रकम कट्टा गरी बाँकी रकम उपलब्ध गराईने छ ।

१०. सम्झौताका पक्षहरु :

| निर्माण समिति वा लाभग्राहीको तर्फबाट : | मेयर आवास कार्यक्रम कार्यान्वयन समितिका तर्फबाट : |
|---|---|
| संयोजक वा लाभग्राहीको | नाम : |
| नाम : | |
| ठेगाना : | दस्तखत : |
| दस्तखत : | |
| मिति : | मिति : |
| साक्षी : | साक्षी : |
| (१) श्री ................................ | (१) श्री ............................ |

अनुसूची–४

दफा ५ को (९) सँग सम्बन्धित

## नगरपालिका र लाभग्राही बीच आवास हस्तान्तरण सम्बन्धी सम्झौताको नमूना ढाँचा

सिद्धार्थनगर नगरपालिका वडा नं. ... टोल ........... मा बस्ने लाभग्राही श्री .......................... .............. .................. र सिद्धार्थनगरपालिका बीच नगरपालिकाले मेयर आवास कार्यक्रम अन्तरगत हस्तान्तरण गरेको भवन देहायका शर्तहरु पालना गर्ने गरी लियौं दियौं ।

**सम्झौताका शर्तहरु**

(१) हस्तान्तरण भएको भवन १० बर्ष सम्म लाभग्राहीले बिक्री वितरण गर्न पाइने छैन । बिक्री वितरण प्रयोजनका लागि नगरपालिकाले चारकिल्ला सिफारिस दिने छैन ।

(२) भवनको नियमित रुपमा मर्मत संभार गरी बस्न लायक बनाउने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

(३) कम्तिमा १० घर भन्दा बढि लाभग्राही एकै ठाउँमा भइ आवास हस्तान्तरण भएको खण्डमा सो स्थानमा विकासका अन्य पूर्वाधार पुर्‍याउन नगरपालिकाले प्राथमिकता दिनेछ ।

(४) हस्तान्तरित भवनमा परिवारका सबै सदस्यलाई बस्ने व्यवस्था मिलाउने जिम्मेवारी लाभग्राहीको हुनेछ ।

(५) सम्झौतामा उल्लेख भएका बुँदा बाहेक अन्य कुराहरु आपसी सहमतिमा कार्यान्वयनमा ल्याउन सकिनेछ ।

(६) हस्तान्तरित भवनका सम्बन्धमा नगरपालिका र लाभग्राही बीच कुनै विवाद भएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

लाभग्राहीको तर्फबाट :

नाम :
ठेगाना :
दस्तखत :
मिति :
साक्षी :
(१) श्री ..........................................

सिद्धार्थनगर नगरपालिकाको तर्फबाट :

नाम :
दस्तखत :
मिति :
साक्षी :
(१) श्री ..................................

आज्ञाले,
तुल्सीराम मरासीनी
प्रमुख प्रशासकीय अधिकृत



सिद्धार्थनगर नगरपालिका